पिपुल्स इनर्जी लिमिटेडको

प्रथम वार्षिक साधारण सभाको अवसरमा

सञ्चालक समितिको तर्फबाट

कम्पनीका कार्यकारी अध्यक्षद्वारा प्रस्तुत आ.व. २०७३/०७४ को प्रतिवेदन

मितिः २०७५ वैशाख ३० गते ।

आदरणीय शेयरधनी महानुभावहरु,

यस पिपुल्स इनर्जी लि. को प्रथम वार्षिक साधारण सभामा सहभागी हुनु भएका लगानीकर्ता, शेयरधनी महानुभाबहरु एवं अन्य आमन्त्रीत व्यक्तित्वहरु समक्ष संचालक समितिको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

व्यापक जनसहभागितामा जलविद्युत आयोजना निर्माण एवं सञ्चालन गर्ने मूल उद्देश्य लिई विगतमा पिपल्स हाइड्रो सहकारी संस्था लि. का सञ्चालक समितिका पदाधिकारी तथा शेयरधनी/लगानीकर्ताहरु मध्येबाट तत्काल उपलब्ध हुनु भएका महानुभावहरुको सहभागितामा २०७३ साल असार २३ गते यस कम्पनीको स्थापना भएको हो । साथै, यस कम्पनीले मिति २०७४ साल ज्येष्ठ २ गते कम्पनी रजिष्ट्रारको कार्यालयबाट कारोवार स्वीकृति लिएको थियो । कम्पनी स्थापना भए पश्चात यस कम्पनीले शुरुमा साविकमा पिपल्स हाइड्रो सहकारी संस्था लि. ले विकास गर्दै गरेको ४८.८ मे.वा. क्षमताको खिम्ती २ जलविद्युत आयोजनाको अनुमति पत्र लगायत आयोजना एवं संस्थाको नाममा भएका सम्पूर्ण सम्पत्ति, लगानी, खर्च तथा दायित्व समेत यसै कम्पनीको नाममा नामसारी/हक हस्तान्तरण गर्ने निर्णय गरी सोही बमोजिम कार्य अगाडि बढाइएको व्यहोरा सहर्ष जानकारी गराउँदछौं ।

संस्थाको नाममा रहेका सम्पूर्ण खर्च तथा दायित्व तपसील बमोजिम व्यहोर्ने निर्णय भएको थियो:

१ पिपुल्स हाइड्रो सहकारी सहकारी संस्था लि. मा साविकमा आवद्ध रहनुभएका इच्छुक सबै शेयरधनीहरुलाई वहाँहरुले सहकारीमा लगानी गर्नुभएको शेयरको अनुपातमा कम्पनीको शेयर दिने ।

२ पिपुल्स हाइड्रो सहकारी संस्था लि. को नाममा साविकमा रहेका सम्पूर्ण सम्पत्ति, खर्च तथा दायित्व यसै कम्पनीको नाममा नामसारी/हक हस्तान्तरण गर्ने ।

३ पिपुल्स हाइड्रो सहकारी संस्था लि. को नाममा साविकमा भएका विभिन्न कम्पनीका शेयरहरु कम्पनीको नाममा नामसारी/हक हस्तान्तरण गर्ने ।

यस कम्पनीले हाल दोलखा र रामेछाप जिल्लाका विभिन्न भागहरु हुँदै बग्ने खिम्ती खोलामा ४८.८ मे.वा. क्षमताको खिम्ती २ जलविद्युत आयोजनाको भौतिक पूर्वाधार (Pre Construction) सम्वन्धी कार्य गरिरहेको छ । यसका अतिरिक्त यस कम्पनीले युनाइटेड मोदी हाइड्रोपावर लि. (तल्लो मोदी खोला १ र २ जलविद्युत आयोजना २०.५ मे.वा.), आर.एम. इन्भनेष्टमेण्ट कम्पनी प्रा.लि. (घुन्सा खोला जलविद्युत आयोजना १५५ मे.वा. र पेल्मा खोला ज.वि.आ. ९२ मे.वा.), रिपू मर्दिनी प्रा.लि. (अप्सुवा खोला जलविद्युत आयोजना ७४.५ मे.वा.), जलविद्युत लगानी तथा विकास कम्पनी लगायतका कम्पनीहरुमा शेयर लगानीको प्रकृया अगाडि बढाएको छ ।

कम्पनीद्वारा पहिलो चरणमा निर्माणाधीन खिम्ती २ जलविद्यु आयोजनाको सामान्य जानकारी प्रस्तुत गर्दछु ।

१. आयोजनाको नाम : **खिम्ती -२ जलविद्युत आयोजना**
२. प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन : स्वीकृत भैसकेको ।
३. विद्युत खरीद बिक्री सम्झौता (PPA): सम्पन्न भैसकेको ।
४. विद्युत उत्पादन अनुमति पत्र : प्राप्त भैसकेको ।
५. उद्योग दर्ताः भैसकेको ।
६. **Financial Closure : सानिमा बैंकको नेतृत्वमा प्रकृयामा रहेको ।**
७. आयोजनाको कूल अनुमानित लगानी : ८६५ **करोड रुपैयाँ (Updated Feasibility Study Report, 2017)**
८. आयोजनाको वार्षिक कूल अनुमानित आम्दानी : **प्रथम वर्ष रु १४० करोड र वार्षिक ३ % का दरले ८ पटकसम्म बढ्दै जाँदा नवौं वर्षमा रु १७४ करोड सम्म पुग्ने ।**

## प्राविधिक पक्ष र प्रगति विवरण

१. आयोजनाको प्रकृतिः **नदीको वहाव** (Run of River) **मा आधारित ।**
२. आयोजनामा पानी उपयोग हुने खोलाः **खिम्ती खोला ।**
३. आयोजना प्रभावित क्षेत्र : रामेछाप तथा दोलखा जिल्लाका विभिन्न भागहरु
४. आयोजनाको उत्पादन क्षमताः **$Q_{40}$ मा ४८.८० मेगावाट (वर्षको ४०% समय)**
५. आयोजनाले उपयोग गर्ने पानीको मात्रा **(Discharge): $Q_{40}$** मा १६.१ घ.मि. प्रतिसकेण्ड ।
६. ऊर्जाः सुख्खायाममा . **४.५ करोड युनिट, वर्षायाममा** . **२१.५ करोड युनिट,** जम्मा ऊर्जा . **२६ करोड युनिट**
७. पिपिए दरः **हिउँदमा रु. ८।४० र वर्षामा रु. ४।८०**
८. आयोजनाको हेड Gross Head : **३५८ मिटर ।**
९. आयोजनाको प्रसारण लाइन : **न्यू खिम्ती सवस्टेशन, कीर्नेटारमा निर्माण हुने १३२/२२० केभी प्रसारण लाइनमा जोडिने**
१०. आयोजनाको बाँध बन्ने स्थानः **खिम्ती खोला र जिरी खोलाको दोभान भन्दा करिव १२० मि. तल ।**
११. आयोजनाको विद्युत गृह बन्ने स्थानः **खिम्ती खोला र पलाँती खोलाको दोभान भन्दा करिव २५० मि. माथि ।**
१२. आयोजनाको अवस्थाः

- **आयोजनाको Hydrology अध्ययन, विस्तृत सर्वेक्षण, भौगर्भिक अध्ययन तथा Drilling कार्य सम्पन्न भएको ।**
- **Camping Facilities को निर्माण कार्य भैरहेको ।**
- **Construction Power निर्माण सम्वन्धी कार्य भैरहेको ।**
- **Main Construction Works को लागि Tender आह्वान भई Technical Evaluation को काम भैरहेको ।**
- **Detailed Design को कार्य अन्तिम चरणमा रहेको ।**
- **आयोजनाको लागि आवश्यक अधिकांश जग्गा खरीद भैसकेको ।**
- **आयोजनाको विद्युत गृह, अडिट टनेल, हेडवर्क्स सम्म पुग्ने बाटो खन्ने काम भैरहेको ।**
- **खिम्ती खोलामाथि पुल बनाउने कार्य सञ्चालन भैरहेको ।**
- **आयोजनाको Physical Modeling को कार्य अन्तिम चरणमा रहेको ।**

१३. आयोजनाबाट विद्युत उत्पादन मितिः **२०७८ साल असार मसान्त ।**

कम्पनीमा २०७४ साल असार मसान्तसम्म जम्मा भएको शेयर रकम, आयोजना विकास खर्च, पेश्की खर्च, तिर्नबाँकी रकम लगायत कम्पनीबाट अन्य कम्पनी तथा संस्थाहरुमा भएका लगानीको संक्षिप्त विवरण प्रस्तुत गर्दछु ।

१. शेयर पूँजी: रु.५८५,५०,०००.००

२. शेयरधनी/लगानीकर्ताहरुबाट व्यक्तिगत/समूहगत रुपमा शेयर वापत पेश्की प्राप्त भएको: रु. ३२,९६,५४,७१६.००

३. शेयरधनी/सञ्चालकहरुबाट छोटो समयका लागि लिइएको कर्जा : रु. ०.००

४. बैंकबाट लिइएको कर्जा: रु. ०.००

५. खिम्ती २ जलविद्युत आयोजनामा हालसम्म भएको खर्च: रु.२६,९७,८३,५४९.००

| क्र.स. | खर्च शिर्षक | रकम रु. |
|---|---|---|
| १ | Pre Operating Expenses: | ४,६६,११,३८५.०० |
| २ | Civil Works: | ६६,४८,९८३.०० |
| ३ | Hydro Mechanical Works: | ०.०० |
| ४ | Electromechanical Works: | ०.०० |
| ५ | Transmission Line Works: | ११,२६,३००.०० |
| ६ | Environment Study, Mitigation, Land Purchase and Development: | ७,२१,२४,४२५.०० |
| ७ | Access and Infrastructure: | ५,६६,७६,०४५.०० |
| ८ | Camping Facilities: | १,६७,६१,१६४.०० |
| ९ | Project Developments Exp (Office Eqp, furnitures, Licenses, Studies etc.) | ३६०,४०,५२३.०० |
| १० | Vehicle: | ९४,८४,२१६.०० |
| १२ | Project Supervision and Inspection: | २४३,१०,५०७.०० |
| १३ | Interest During Construction: | ०.०० |

६. ठेकेदार तथा कन्सल्टेण्टहरुलाई दिइएको पेश्की रकम रु. १९,०२,६४२.००

७. L/C Advance तथा L/C Margin: रु. ०.००

८. Margins, Prepaid तथा Deposit (PPA, License etc.) : रु. ०.००

९. Suppliers तथा जग्गाधनीलाई दिइएको पेश्की: रु. ८६,८००.००

१०. कर्मचारी पेश्की : रु. ०.००

११. Other Supervision & Inspection advances: रु.६५,३०,०००.००

१२. अन्य कम्पनी/आयोजनाहरुमा भएका लगानी: रु. ३,२०,००,०००/००

आर.एम.इन्भेष्टमेण्ट कम्पनी प्रा.लि.
(घुन्सा खोला १५५ मे.वा. रु. १२०,००,०००/००
पेल्मा खोला ९२ मे.वा.) रु. ८०,००,०००/००
रिपू मर्दिनी प्रा.लि. (अप्सुवा खोला ७४.५ मे.वा.) रु. १२०,००,०००/००

१३. बैंक तथा नगद मौज्दात: रु. ९,०६,४५,१२५.००

१४. तिर्न पर्ने दायित्वहरु: रु. १,२७,४३,३९९.००

१. Consultants: रु. २६,४०,७८६/००
२. TDS Payable (Salary ++) रु. ५,९६,५१५.००
३. Suppliers रु. ५८०,३९५.००
४. Contractors: रु. १९,०२,६९४.००
५. Payable for Salary, Allowance, CIT, PF etc. रु.१२,२१,०४३.००
६. Audit Fee : रु. ५५,७५०.००
७. PPLS Hydro : रु. ५३,७४,०८९.००
८. Employees: रु. १,८८,९४५.००
९. Other Payables: रु. १८३,१८२.००

कम्पनी तथा कम्पनीद्वारा सञ्चालित आयोजनाहरुको पूर्ण हिसाव विवरण कम्पनीको आ.व. २०७३।०७४ को Audited Financial Report मा संलग्न गरिएको छ ।

## संस्थाको भावी कार्यक्रम तथा योजना

१. कम्पनीद्वारा निर्माणाधीन खिम्ती २ जलविद्युत आयोजनाको Main Construction Works सञ्चालनको लागि ठेकेदार चयन गर्ने ।
२. आयोजना निर्माण कार्य द्रुत गतिमा अगाडि बढाउँदै समय सीमा भित्रमा नै विद्युत उत्पादन गर्ने ।
३. शेयर वापत पेश्की बुझाउनु भएका लगानीकर्ताहरुलाई कम्पनीको आइपिओ जानु भन्दा पहिले उनिहरुले लगानी गरेको रकम बराबरको शेयर सम्वन्धित नेतृत्वकर्ता शेयरधनीहरु मार्फत् कम्पनीको शेयर प्रमाण पत्र उपलव्ध गराउने ।
४. कम्पनीलाई आइ.पि.ओ. मा लैजाने ।

५. समान उद्देश्य भएका अन्य जलविद्युत कम्पनीहरुमा लगानी गर्दै जाने ।

६. समयानुकूल अन्य आवश्यक कार्यहरु सम्पादन गर्दै जाने ।

अन्त्यमा, आजको यस साधारण सभाबाट आगामी कार्यकालको लागि नयाँ सञ्चालक समिति समेत चयन हुने हुँदा नयाँ कार्यकालको लागि चयन हुनुहुने सञ्चालक समितिका सम्पूर्ण पदाधिकारीहरुलाई अग्रीम वधाई तथा पूर्ण सफलताको कामना गर्दछु , साथै, कम्पनी/आयोजनालाई शुरुको अवस्थाबाट आजको दिनसम्म ल्याइपुऱ्याउनका लागि प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सञ्चालक समितिका साथीहरु, शेयरधनी साथीहरु, व्यक्तिगत/समूहगत रुपमा कम्पनी/आयोजनामा लगानी गर्नुहुने महानुभावहरु, स्थानीय बासिन्दाहरु, कर्मचारीहरु तथा अन्य व्यक्ति तथा संस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । धन्यवाद ।

भवदीय,

कृष्ण प्रसाद आचार्य
कार्यकारी अध्यक्ष